परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ४० २०७९ जेष्ठ ८ गते आईतवार **Sunday 22, MAY 2022** ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## विराटनगर महानगरपालिकाको प्रमुखमा कोइराला र उप प्रमुखमा निरालाको नेतृत्व

विराटनगर । बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा प्रदेश १ मा रहेको एक मात्र महानगरपालिका विराटनगरको प्रमुखमा नेपाली काँग्रेसका नागेश कोइराला र उप मेयरमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) वाट शिल्पा निराला कार्कीले विजय हासिल गरेका छन् ।



मेयर : नागेश कोइराला, उपमेयर : शिल्पा निराला कार्की

कोइरालले ३० हजार १ सय ७० मत प्राप्त गरी विजय भएका हुन् । उनका प्रतिद्धन्दी नेपाल कम्यूनिष्ट पार्टी (एमाले) वाट उप मेयर पदका उम्मेदवार सागर थापाले २१ ह्जार ४ सय ५५ मत प्राप्त गरेका थिए । थापालाई ८ हजार ७ सय १५ मतले पछि पार्दै कोइरालाले प्रमुख पदमा विजय हासिल गरेका हुन् । मेयरमा स्वतन्त्र उम्मेदवारी दिएका उमेश यादवको छाता छापमा ८ हजार ७ सय ९५ मत परेका छन् ।

त्यसैगरी निराला कार्कीले २५ हजार ६ सय ८० मत प्राप्त गरी विजय हासिल गरेकी छिन् । उनका निकटतम प्रतिस्पर्धी गठबन्धनका तर्फबाट जसपाका प्रत्याशी अमरेन्द्र यादवले १४ हजार २ सय १९ मत ल्याएका प्राप्त गरेको छ । उपप्रमुखमा तेस्रो हुने राष्ट्रिय प्रजातन्त्र पार्टीको उम्मेदवार विन्दाकुमारी लुइँटेल आचार्यले ६ हजार ४ सय १ मत प्राप्त गरेकी छिन् । स्वतनत्त उम्मेदवार नमिता न्यौपानेले ५ हजार १ सय १७ मत प्राप्त गरेकी छिन् ।

विराटनगर महानगर पालिकाको १९ वटा वडा मध्ये ९ वटा वडाको अध्यक्ष पदमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले विजय हासिल गरेका छन् । महागर पालिकाको प्रमुख पदमा नेकपा एमालेले नजिते पनि वडामा बहुमत रहको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले वडा नं. १, २, ३, ४, ८, १०, ११, १४ र १९ नम्बर वडामा वडाध्यक्ष पदमा विजय हासिल गरेका छन् ।

त्यसैगरी नेपाली काँग्रेसले ५, ६, ७, ९, १५ र १६ वडा गरी जम्मा ६ वटा वडाको वडा अध्यक्ष पदमा विजय हासिल गरेका छन् । विराटनगर महानगरपालिकाको वडा नम्बर १२ र १७ मा जनता समाजवादी पार्टी नेपालले वडा अध्यक्ष पदमा विजय हासिल गरेका छन् । वडा नं. १३ मा राष्ट्रिय प्रजातन्त्र पार्टीको उम्मेदवारले वडा अध्यक्ष पदमा विजय हासिल गरेको छ भने वडा नं. १८ मा स्वतन्त्र उम्मेदवारले वडाध्यक्ष पदमा विजय हासिल गरको छ ।

विराटनगर महानगर पालिकाको मेयर पदमा विजय हासिल गरेको कोईराला सम्पन्न परिवारमा २०३० जेठ ३१ मा

वांकी ३ पेजमा...

## अबैद्ध सुन सहित एक पक्राउ

झापा । झापाको मेचीनगर नगरपालिका वडा नं. ६ पुरानो मेचीपुल छेउबाट अबैध सुन सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवार भारतबाट नेपाल तर्फ आँउदै गरेका कैलाली घर भई दमक नगरपालिका-२ मा बसोबास गर्दै आएका ३३ बर्षीय धिरेन्द्र जैसीलाई अबैध रुपमा नेपाल भित्र्याउदै गरेको सुन सहित पक्राउ गरेको थियो ।

बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले शंकास्पद रुपमा पैदल भारतबाट नेपाल तर्फ आउँदै गरेका जैसीलाई चेकजाँच गर्ने क्रममा उनको साथबाट ३४९.७०० ग्राम ( हालको बजार मुल्य अनुसार २८,८७,१८२.६५) रुपैयाँ बराबरको सुन बरामद गरेको थियो ।

सुन सहित पक्राउ परेका जैसीलाई आवश्यक कारवाहीको लागी मेची भन्सार कार्यालय बुझाईएको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ ।

## मन्दिरमा नयाँ समिति गठन

विराटनगर । विराटनगर महानगरपालिका वडा नं. ४ स्थित श्री लक्ष्मीनारायण मन्दिर (जियर शैक्षिक संस्था) मा मंगलबार कुमार खतिवडाको अध्यक्षतामा समिति गठन भएको छ ।

समितिका उपाध्यक्षमा देवराज सुवेदी, महासचिव युवराज धिताल, कोषाध्यक्ष रमेश आचार्य र सचिवमा लालमोहन ठाकुर चयन भएका छन् । त्यसैगरी मन्दिरका सदस्यहरुमा शिशिर सुवेदी, देवेन्द्र गुप्ता, मनोज भट्टराई, पुरुषोतम रेग्मी, सुरजा न्यौपाने र सुधा घिमिरे चयन भएको कमिटीले जनाएको छ ।

वांकी ३ पेजमा...

## आन्तरिक मामिला तथा कानुन मन्त्री विदेश भ्रमणमा

विराटनगर । प्रदेश नं १ का आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्की विभिन्न कार्यक्रममा सहभागी हुनका लागि लण्डनमा रहेका छन् ।

मन्त्री कार्की युके नेपाल फ्रेण्डसीप सोसाइटीले आयोजना गर्ने कार्यक्रमको प्रमुख अथिति, साकेला उभौलीको अबसरमा किरात राई यायोख्खा बेलायत केन्द्रीय कार्यसमितिले आयोजना गर्ने साकेला उभौली उत्सव २०२२, बुद्ध जयन्तीको अबसरमा आयोजित कार्यक्रमका साथै युके नेपाल जनसम्पर्क समितिले आयोजना गर्ने कार्यक्रममा सहभागि हुने छन् ।

नेपाली कला संस्कृतिको प्रवर्द्धन र त्यससँग सम्बन्धित नेपालको पर्यटन विकासमा टेवा पुग्ने अपेक्षा लिइएको छ । यस्तै मन्त्री कार्कीले अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रको सम्बन्धलाई अगाडि बढाउने, गोर्खा समुदायका मुद्दाहरूको बारेमा पनि जानकारी लिने छन् ।

मन्त्रीको स्वागतका लागि नेपाली जनसम्पर्क समिति बेलायतका सभापति युवराज गुरुङ, महेशकुमार दाहाल, समितिका उपसभापति रिचर्ड गुरुङ, सुभाष राई, महामन्त्री

वांकी ३ पेजमा...

### वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरंगको अत्यन्त जरुरी सूचना !

वन जंगल र वन्य जन्तुहरुको संरक्षण गर्नु हामी सबैका कर्तव्य हो । घरपालवा पशुपंछी बाहेक राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनै पनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन । वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने, वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुंड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद विक्री गर्नु गराउनु दण्डनीय अपराध हो । यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्द्र वर्षसम्म कैद वा दुबै सजाय हुने कानूनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

डिभिजन वन कार्यालय मोरंग






क्राईम अपरेशन
CRIME OPERATION
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा धनपालथान गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधी

अध्यक्ष — उपाध्यक्ष

नेपाली काँग्रेस : जिवछ प्रसाद गच्छदार २३२९ नेपाली काँग्रेस : नसिमा बानो ६२८२

| धनपालथान गाउँपालिका वडा नं. १ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (मा. केन्द्र) वडा अध्यक्ष | खाजा हुसैन मियाँ | ५८२ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | किशोर कु. मण्डल केवरत | ४९६ „ |
| ३. | नेकपा (एमाले)वडा सदस्य | अरिफ मियाँ | ४८६ „ |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | बविता कुमारी सिंह | ५८१ „ |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | रामवती देवी रिषिदेव | ५१९ „ |

| धनपालथान गाउँपालिका वडा नं. २ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | पंकज कुमार मण्डल | १५४५ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | अरुण कुमार मण्डल | १५९४ „ |
| ३. | नेकपा (एमाले)वडा सदस्य | सिताराम मण्डल | १५४१ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | अम्विका देवी मण्डल | १६३९ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | गिता देवी रिषिदेव | १६३१ „ |

| धनपालथान गाउँपालिका वडा नं. ३ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (मा. केन्द्र) वडा अध्यक्ष | नागेश्वर मण्डल | ६९९ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | चन्दु कुमार सरदार | ६१५ „ |
| ३. | नेकपा (एमाले)वडा सदस्य | राम प्रसाद सिंह | ५६८ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | राजवती देवी मण्डल | ६४८ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | तारा देवी रिषिदेव | ६१७ „ |

| धनपालथान गाउँपालिका वडा नं. ४ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | श्रीराम चौधरी | १०९१ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | प्रभुलाल साह | ९३९ „ |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | राज कुमार मण्डल | ८७६ „ |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | जुमो खातुन | ९८३ „ |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | पार्वती कुमारी सरदार | ९७४ „ |

| धनपालथान गाउँपालिका वडा नं. ५ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (मा. केन्द्र) वडा अध्यक्ष | गयानन्द सरदार | ९३६ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | कालु राम राजवंशी | ८७८ „ |
| ३. | नेकपा (एमाले)वडा सदस्य | खुशिलाल सरदार वातर | ८४९ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | नेपाल देवी खवास | ९२२ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | रेखा देवी सरदार | ६१७ „ |

| धनपालथान गाउँपालिका वडा नं. ६ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | महमद हुसेन | १७०३ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | मसहरु राय अमात | १६४० „ |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | मोतीलाल मण्डल | ८७६ „ |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | माराङ्मय हेमरम | १६६६ „ |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | मन्दा कुमारी सरदार | १६५२ „ |

| धनपालथान गाउँपालिका वडा नं. ७ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (मा. केन्द्र) वडा अध्यक्ष | संतोष कुमार यादव | ७६८ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | विश्वनाथ नुनिया | ६९७ „ |
| ३. | नेकपा (मा. केन्द्र) वडा सदस्य | मोद ना. सिंह गनगाई | ६७९ „ |
| ४. | नेकपा (मा. केन्द्र) वडा सदस्य | आशा देवी मण्डल | ७२९ „ |
| ५. | नेकपा (मा. केन्द्र) वडा सदस्य | रेनुका रिषिदेव | ६९९ „ |

### विराटनगर...

जन्मिएका थिए । विद्यार्थी जिवनबाटै राजनीतिमा सक्रिय भएका कोइराला युनिभर्सिटी अफ बाबियो फिलिपिन्सबाट जनप्रशासनमा स्नातकोत्तर गरेको छ । उनी नेपाल तरुण दलमार्फत् २०५४ सालदेखि औपचारिक रूपमा नेपाली काँग्रेसको राजनीतिमा सक्रिय रहदै आएको छ ।

२०७२ मा काँग्रेस मोरङको सचिवमा निर्वाचित भएका उनी २०७८ सालमा भएको जिल्ला सम्मेलनबाट उपसभापतिमा चुनिएका थिए । विराटनरको मेयर बन्न काँग्रेसका केन्द्रीय सदस्यहरु अमृत अर्याल, डा.डिला संग्रौला र भीम पराजुलीसमेतले आकांक्षा राखेको भएपनि कोइरालाले सबैलाई उछिन्दै टिकट मात्र पाएनन्, भारी मतान्तरले विजयी भएको छ ।

त्यसैगरी उपमेयरमा विजय भएकी निराला कार्की सामाजिक अभियन्ता र उद्यममा पनि जोडिएकी शिल्पाको जन्म २०३५ मंसिर २४ सिरहाको लहानमा भएको थियो । विद्यालय तहको अध्ययन लहानमै गरेकी उनले कोशी क्याम्पस विराटनगरबाट प्लस टु, महेन्द्र मोरङ क्याम्पसबाट स्नातक र स्नातकोत्तर क्याम्पस विराटनगर बाट अङ्ग्रेजीमा स्नातकोत्तर गरेकी हुन् ।

निराला कार्की नेकपा एमाले विराटनगर महानगरकी उपाध्यक्ष रहेकी छिन् । कोशी अस्पताल विकास समितिबाट राजिनामा नदिई उम्मेदवारी दिएको भन्दै उनको उम्मेदवारी खारेज गर्न सर्बोच्च अदालतमा रिट परेको छ । रिटको पक्षमा अन्तरिम आदेश नदिएको भएपनि त्यसको मुद्दा अदालतमा विचाराधिन रहेको छ ।

२०७४ को निर्वाचनमा विराटनगरमा काँग्रेसले एक्लै मेयर र उपमेयरसहित ७ वटा वडा जितेको थियो । त्यसबेला काँग्रेसले १, ३, ४, ७, ८, ९ र १६ नम्बर वडा जितेको थियो । एमालेले ३ वटा मात्र २, ५ र ११ नम्बर वडा जितेको थियो भने १२, १३, १४, १५, १७ र १८ गरि ६ वटा वडा जसपाले जित्दा माओवादी केन्द्रले ६ नम्बर वडा तथा स्वतन्त्रले १९ र १० नम्बर वडा जितेको थियो ।

### मन्दिर...

सभामा स्वामी रामानुज नेपाल, स्वामी खगेन्द्रप्रसाद पोखरेल र शम्भु सुवेदीलाई सल्लाहकारमा मनोनित गरेको छ । समितिले कार्यसमितिको पूर्णता दिने र मन्दिरका नामबाट बैंक खाता खोल्नेसमेत निर्णय गरेको समितिका उपाध्यक्ष देवराज सुवेदीले जानकारी दिएका थिए ।

### आन्तरिक...

इन्द्रहाङ लिङ्देन, जनसम्पर्क समितिका अन्य पदाधिकारी साथै रोजिहिरा फाण्डेशनकी अध्यक्ष रोजिना प्रधान राई, यूके नेपाल फ्रेण्डसीप सोसाइटीका वरिष्ठ सल्लाहकार हिराधन राई लगायत विमानस्थल पुगेका थिए ।

मन्त्री कार्कीले आफ्नो आतिथ्यका लागि सबैप्रति आभार व्यक्त गर्दै बेलायत बसाइमा नेपाली समुदायसंग साक्षात्कार र अन्य अवलोकन भ्रमण हुने बताए ।




जंगली च्याउहरू विषलु पनि हुनसक्छन्
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं ।
अमुल्य जीवन सुरक्षित गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

| विराटनगर महानगरपालिका वडा नं. १७ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | जसपा, नेपाल वडा अध्यक्ष | समिम कमर मिया | १४५० विजय |
| २. | जसपा, नेपाल वडा सदस्य | जाकिर आलम | १२०१ „ |
| ३. | जसपा, नेपाल वडा सदस्य | महमद मन्जर आलम | १०६२ „ |
| ४. | जसपा, नेपाल महिला सदस्य | चुलिया देवी साह | १२८२ „ |
| ५. | जसपा, नेपाल दलित सदस्य | बसन्ती देवी पासवान | १२७७ „ |

| विराटनगर महानगरपालिका वडा नं. १८ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | स्वातन्त्र वडा अध्यक्ष | जितेन्द्र कु. शाह | ७१६ विजय |
| २. | स्वातन्त्र वडा सदस्य | गौरव मण्डल धानुक | ५५४ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | महेश कुमार मण्डल | ५०८ „ |
| ४. | स्वतन्त्र महिला सदस्य | टुरिया यादव | ६०६ „ |
| ५. | जसपा दलित सदस्य | ललिता देवी तत्मा | ५६७ „ |

| विराटनगर महानगरपालिका वडा नं. १९ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
| १. | नेकपा (एमाले वडा अध्यक्ष | श्याम घिमिरे | ९८७ विजय |
| २. | नेकपा (एमाले वडा सदस्य | लक्ष्मण सरदार | ९६८ „ |
| ३. | नेकपा (एमाले वडा सदस्य | निज नारायण राजवंशी | ९६८ „ |
| ४. | नेकपा (एमाले महिलाअध्यक्ष | कविता कुमारी थारु | ९६५ „ |
| ५. | नेकपा (एमाले दलित सदस्य | पवित्रि देवी रिख्यासन | ९६७ „ |

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### चुनावले देखाएको राजनीतिक ध्रुवीकरण

*देशभरी नै बैशाख ३० गते ७ सय ५३ स्थानीय तहमा निर्वाचन सम्पन्न भई सकेको छ । लोकतान्त्रिक प्रक्रियालाई बचाई राख्न निर्वाचन हुन आवश्यक छ । निर्वाचन लोकतान्त्रिक पद्धती हुनुका साथै लोकतन्त्रका मेरुदण्ड पनि हो । आम नेपाली मतदाताले आफ्नो मताधिकारको प्रयोग गरी आफुले जाने सम्म हाम्रा भन्दा पनि राम्रालाई मतदात गरेको हुनु पर्छ । त्यसैले यी मतदानवाट चुनिएर आएका राजनीतिक दलका जनप्रतिनिधीहरु स्वतन्त्र प्रतिनिधीहरु फरक-फरक विचार धारका भएकोले राजनीतिक ध्रुवीकरण हुन्छ नै तर निर्वाचित भएर आइ सकेपछि राजनीति दलको प्रतिनिधी नभएर आफुलाई जनताको प्रतिनिधी भएर काम गर्नु पर्छ । निर्वाचित भएको गाउँपालिका भित्र भएका विकास निर्माणका कामहरु, शैक्षिक सुधारका कामहरु, स्वास्थ्य क्षेत्रमा गर्नु पर्ने सुधारहरु, वेरोजगारी समस्या समाधान गर्ने उपायहरुका खोजी गरी आफ्नो ठाउँमा विकास र समृद्धि ल्याउन सवै जनप्रतिनिधीहरु एक जुट भएर लाग्न पर्छ ।*

*स्थानीय तहको निर्वाचनवाट करीब ३५ हजार जनप्रतिनिधी छानिनेछ । ती प्रतिनिधी एउटै पार्टीको हुँदैन । एउटै पालिका र वडाहरुमा फरक-फरक राजनीति दलका प्रतिनिधीले निर्वाचित भएका हुन्छन । ती निर्वाचित प्रतिनिधीले दलको भावना भन्दा पनि जितेको पालिका र वडावासीका जनभावना अनुसार जितेको सवै दलका जनप्रतिनिधीहरु मिलेर पालिकोको विकास र समृद्धी गर्नु नै जनप्रतिनिधीको कर्तव्य पनि हो । पहिलो पटक २०७४ सालमा पहिलो चोटी चुनिएर आएको जनप्रतिनिधीहरुले धेरै कुरा सिक्नमै समय खेर फालियो तर अव निर्वाचित भएको जनप्रतिनिधीहरुले सिक्नु पर्दैन विकास निर्वाणका काम मात्र गर्नु पर्छ । जनताको जनभावना अनुसार काम गरेमा जनप्रतिनिधीका आफै जयजय कार हुन्छ ।*

*आम जनताको सेवा मानेर कर्तव्यमा लाग्ने जनप्रतिनिधि नै जनताको लागि सच्चा जनप्रतिनिधि मानिन्छ । त्यसैले जनताका भावनालाई बुझेर पालिका र वडामा विकास र समृद्धि ल्याउन सक्नु पर्छ । अन्यथा फेरी पनि जनताकै पालो आउँछ जनताले आफ्नो अमुल्य मतवाटै पुःन वहिष्कार गर्ने छ । त्यसैले जातीवाद, नातावादलाई पर राखेर पालिकाको समृद्धि र विकासको लागि सवै दल मिलेर जानुको विल्प छैन ।*

# चुनौतिमा राजनीतिक व्यवस्था

**प्रकाश अधिकारी**

यत्रतत्र सर्वत्र पुँजी (पैसा) ले स्थान लिंदा त्यसको उपरी-संरचनाको रूपमा पुँजीवादी व्यवस्था आयो । पुँजी आधार संरचना थियो । यो वस्तुगत यथार्थ थियो । यसको जगमा अरू कुनै उपरी संरचना सम्भावना थिएन । यसैले वस्तुगत जगतमा टेकेर नै पुँजीवाद आएको थियो ।

यसो भनिराख्दा आजको वस्तुगत जगतको वस्तुनिष्ठ अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ । अध्ययन अनुसन्धानले मापन गर्ने वस्तुको परीक्षण गरेर निष्कर्ष निकाल्दछ, जुन वैज्ञानिक हुन्छ । आजको नेपालको र विश्वको राजनीतिक प्रणालीमा समस्या आइरहेको छ, त्यसको वस्तुगत अध्ययन आवश्यक भएको छ । यसो नहुनाले राजनीतिक व्यवस्थामा चुनौती आइरहेको छ ।

नेपालको राजनीति संकटोन्मुख हुँदै गएको छ । पछिल्लो समयमा राजनीतिक सिद्धान्तहरूको संकट परेको छ । कम्युनिस्ट र कांग्रेसको राजनीतिक सिद्धान्त नै मिसिएको छ । राजनीतिक नीति, सिद्धान्तलाई भुलेर स्वार्थ-सिद्धान्तमा समाहित हुँदा कुनै पनि राजनीतिक पार्टी पार्टीको रूपमा रहेको देखिंदैन ।

सीधा हेर्ने हो भने आजसम्मका सबै कम्युनिस्ट नयाँ प्रजातन्त्र ( जनवाद) र कांग्रेस प्रजातान्त्रिक सिद्धान्तमा छ । यिनको विशेषता हेर्ने हो भने दुवैले प्रतिनिधिमूलक शासन प्रणाली नै स्वीकारेका छन् । फरक यत्ति हो कि कम्युनिस्ट पार्टीमा पार्टी सदस्य नै प्रतिनिधि हुन्छ भने कांग्रेसमा चुनावद्वारा प्रतिनिधि छानिन्छ । तर, छानिंदा फेरि पनि पार्टीकै सदस्य छानिन्छ । अन्ततः दुवैमा पार्टी सदस्य नै प्रतिनिधि हुन्छ ।

यसले दिने अरू अधिकारहरू मानवअधिकार, बहुदलीय प्रतिस्पर्धा, मतदानको अधिकार, कानुनको शासन, जनसहभागिता पार्टीले आफ्नो स्वार्थमा प्रयोग गर्ने गुलिया गोली मात्र सावित भएको छ ।

पार्टीभित्र र बाहिर देखिएको स्वार्थ-सिद्धान्तले प्रजातन्त्रका आधार स्तम्भहरू धुजाधुजा पारेर हावामा उडाएका छन् । यसको ज्वलन्त उदाहरण ओलीको सरकारले गरेको संसद विघटनदेखि चुनावमा आफ्ना आसेपासेलाई दिएको टिकट र पार्टी अनुशासनको छडीले जनताले पत्याएका भन्दा पनि पार्टीले पत्याएकाले स्थान पाउनु हो ।

राजनीतिलाई चिरफार गर्दा आजको राजनीतिक प्रणालीले कुनै सयममा काम गरेको देखिन्छ किनकि त्यस समयलाई त्यो विकल्प नै उत्तम थियो । तर, आजको बदलिएको परिस्थितिमा यो व्यवस्था कमजोर भएको छ । आजको बदलिंदो समयलाई समीक्षा गरेर अबको राजनीतिक सिद्धान्त र कार्यक्रम बनाउन सक्दा मात्र समाजमा स्वाभाविक निकास सम्भव हुन्छ ।

कुन-कुन वस्तुगत जगतमा फेरबदल आइरहेको छ अर्थात् आधार संरचनामा आएको बदलावहरूको वस्तुनिष्ठ समीक्षा अनिवार्य छ । आजको दुनियाँ विज्ञान प्रविधिमा आधारित भएको छ । वास्तवमा विज्ञान प्रविधिको वास्तविक स्वामित्व व्यक्तिको हुँदैन ।

अल्बर्ट आइन्स्टाइनको वैज्ञानिक खोज उनको निजी सम्पत्ति रहेन । यो विश्वको सम्पत्ति बन्यो । यसर्थ, यस्ता विशेषताको युग जहाँ निजी स्वामित्वको घेरा तोडिएको छ । विश्वका सबै विषयको बोध हुँदैछ ।

कुनै यस्तो समय थियो, जुनबेला युरोप र एसिया नै अज्ञेय थियो । युरोपलाई एसियाको र एसियालाई युरोपको ज्ञान थिएन । विस्तारै एक अर्काको सम्पर्क भयो तर त्यो निकै जटिल र कठिन थियो । आज विज्ञान प्रविधिले युरोप र एसिया मात्र होइन पृथ्वीभन्दा बाहिर अन्तरिक्षसम्मको ज्ञानलाई बोध गर्न सक्ने बनायो । यस्तो बदलिएको परिस्थितिलाई वस्तुनिष्ठ ढंगले पकड्नुपर्दछ ।

ज्ञानमा जेरुसेलमबाट पूर्व र पश्चिमको घेराको अन्त्य भएको छ । पश्चिमा ज्ञान ठूलो र पूर्वीया ज्ञान सानो भन्ने भ्रम अब बाँकी छैन । यी सबै विश्वव्यापी भएका छन् । इन्टरनेटको विकासले आज विश्वको ज्ञानलाई एउटा कम्प्युटरमा वा मोबाइलमा कैद गरिदिएको छ ।

मानिसको इच्छाशक्ति हुने हो भने शिक्षा प्राप्त गर्न कुनै महाप्रलयको विषय भएन । गुरुकुल र विद्यालय शिक्षा एउटै प्रणालीको हो । गुरुकुल शिक्षामा विद्यार्थी गुरुकोमा जाने र शिक्षा लिने थियो ।

विस्तारै विद्यालय शिक्षा आयो यहाँ पनि गुरु र विद्यार्थी एकै ठाउँमा जम्मा हुनुपर्ने र एकले अर्कोमा आश्रित हुनुपर्ने थियो । गुरुको शिक्षा नै सम्पूर्ण शिक्षाको रूपमा लिने प्रणालीको बल्ल अन्त्य भयो । अब गुरु र शिक्षार्थीबीचको ज्ञानको असमान घेरा मेटाएर नयाँ शिक्षाको सुरुवात गऱ्यो । यसले संसारमा नयाँ आयाम थपेको छ । बदलिएको चलहरूको अध्ययन विना समाजलाई वास्तविक रूपमा बुझ्न सकिंदैन ।

सूचना सञ्चारको विकासले आजको सम्पूर्ण युगलाई उल्टाएको छ । परम्परागत समयका सबै खालका सूचना सञ्चारका विशेषता समान थिए । सनई फुक्ने, ढोल बजाउने, हुलाक जस्ता सबै परम्परागत सूचना सञ्चारमा मानिसको सहभागिता अनिवार्य थियो तर घेरा तोड्ने नयाँ प्रविधिको विकासले विश्वलाई एउटा गाउँमा रूपान्तरण गरेको छ ।

आजको बदलिंदो समयलाई समीक्षा गरेर अबको राजनीतिक सिद्धान्त र कार्यक्रम बनाउन सक्दा मात्र समाजमा स्वाभाविक निकास सम्भव हुन्छ ।

लामो समय लाग्ने, सूचना पुग्दा सूचनाको अर्थ नै समाप्त हुने, पुग्दै नपुग्ने जस्ता यावत् समस्यालाई समाप्त गरेर विकास भएको सूचना सञ्चारले सबै घेराहरूलाई समाप्त मात्र पारेन कि तत्काल आफ्नो सूचना र सञ्चारमा गतिशीलता, सहभागिता र प्रतिक्रिया देखाउन सक्ने भएको छ । हालको चुनावी परिणाममा देखिएको फरक विशेषताको एउटा आधार यही सूचना सञ्चार हो ।

यातायातको विकासमा युगले ठूलो फड्को मारेको छ । मानिसले हिंडेर आफ्नो यात्रा पूरा गर्नुपर्ने यातायातको समयबाट सुपर सोनिक गतिका साधनसम्म विकास भएको छ । एक जनादेखि करोडौं जनशक्ति बोक्न सक्ने साधनको विकास भएको छ ।

अत्यन्त छिटो गतिका र अत्यन्तै विश्वासिला र भरोसायुक्त साधन चालकविहीन कारसम्म विकास भएको छ । मानिसले चलाएको भन्दा दुई सय गुणा बढी सुरक्षित र विश्वासिला साधनको रूपमा यसले समाजमा स्थान लिंदै गइरहेको छ ।

मानव श्रमद्वारा उत्पादन, विनिमय, उपभोग हुँदै आएको सिंगो मानव समाजको इतिहास हो । आजभन्दा अघिका सम्पूर्ण युगमा मानिसलाई उत्पादन, विनिमय र उपभोगका प्रक्रियामा सहभागिता अनिवार्य थियो । पहिलो औद्योगिक क्रान्तिले मानव श्रमलाई सरल बनाएर विस्तारै मानव श्रम उत्पादन प्रक्रियाबाट अलग गरेको थियो । यो विस्तारै दोस्रो र तेस्रोसम्म आइपुग्दा शारीरिक श्रमको अन्त्य गर्दै मानसिक श्रमबाट पनि मानिसलाई अलग गराएको छ ।

आज जोड, घटाउ, गुणन, भाग गर्न नजानेर मानिसले मानसिक श्रम गर्नुपर्ने छैन । क्याल्कुलेटर, कम्प्युटर जस्ता साधनको प्रयोगले मानसिक श्रमको अन्त्य गरेको छ । कम्प्युटरले त यस्तो चमत्कार गरिदियो ठूला मानसिक श्रमलाई सकिदियो ।

डाटा मानिसको मेमोरीको विषय थियो तर अब त्यसको पनि अन्त्य भइदियो । यसले डाटालाई सुरक्षित, गुणस्तरीय, छिटो, प्रभावकारी र दीर्घकालीन बनाएर मानसिक श्रमलाई अन्त्य गरिदिएको छ ।

यस्तै चौथो औद्योगिक क्रान्तिले माया, प्रेम, घृणा, रचना, सृजना, भावना जस्ता सीपमूलक कामदारको कार्य सम्भव हुन थालेको छ । यसरी हेर्दा शारीरिक श्रम, मानसिक श्रम र सीपमूलक श्रम लगायत श्रमका सबै स्वरूप नै मानिसबाट खोसिंदै गएको समय हो यो ।

मानवीय बौद्धिकताको कार्यलाई कृत्रिम बौद्धिकताले विस्तारै विस्थापित गराइरहेको छ । गुगलले कृत्रिम बौद्धिकताको प्रयोग गरेर विश्वका करोडौं मानिसलाई एकदम छोटो समयमा आफूले चाहेको सबै कुरा खोज्न सक्ने कृत्रिम बौद्धिकताको प्रयोग गरेको छ । यामेजो र फेसबुक लगायतले यसै प्रविधिको प्रयोग थालेका छन् । यी विशेषतासहित समाज अगाडि बढेको छ ।

यस्ता अनगिन्ती पहलुहरूको विकासले समाजको परम्परागत मान्यतामा परिवर्तन ल्याएर नयाँ मान्यताको स्थापना गरेको वर्तमान परिस्थितिमा पुरानै शैलीको राजनीतिक व्यवस्थामा पनि स्वाभाविक संकट आएको छ ।

नयाँ धरातलमा नयाँ राजनीतिक व्यवस्थाको स्थापनाले मात्र अबको संकटलाई मोचन गर्न सक्दछ । बदलिएको धरातलले प्रतिनिधिमूलक लोकतन्त्रमाथि चुनौती दिएको छ । यो अवस्थामा नयाँ राजनीतिक व्यवस्थाको आधारस्तम्भमा परिवर्तन आएकाले त्यसै अनुरूपको व्यवस्था निर्माण गरिनुपर्दछ ।

वांकी ४ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# प्रदेश १ को एकमात्र महानगरपालिका (विराटनगर) बाट विजय प्राप्त गरेका जनप्रतिनिधीहरू

मेयर : नागेश कोइराला, नेपाली काँग्रेस प्राप्त मत ३०१७०

उपमेयर : शिल्पा निराला कार्की नेकपा (एमाले) प्राप्त मत २५६८०

| वराटनगर महानगरपालिका वडा नं. १ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | काजि बहादुर बस्नेत | १९०० विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | शुशील गुभाजु | १६१७ ,, |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | मोहन कर्ण कार्की | १५८६ ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | लक्ष्मी देवी राईनी | १६८४ ,, |
| ५. | नेकपा (एमाले) दलित सदस्य | खुश्बु विश्वकर्मा | १६८६ ,, |

| विराटनगर महानगरपालिका वडा नं. २ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | कुमार पोख्रेल | १३१२ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | दिपक प्रधान | ९८३ ,, |
| ३. | नेकपा (ऐमाले) वडा सदस्य | शेर सिंह ढुगड | ९०४ ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | आशा राउत | १०२२ ,, |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | मेनुका परियार | १०६२ ,, |

| वराटनगर महानगरपालिका वडा नं. ३ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | बासु बहादुर बस्नेत | २३८३ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | ढुण्डीराज पोख्रेल | २३२६ ,, |
| ३. | नेकपा (एमाले) वडा सदस्य | सुरज न्यौपाने | २३०२ ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | मालिका निरौला | २६६४ ,, |
| ५. | नेकपा (एमाले) दलित सदस्य | अरुणा परियार | २४७५ ,, |

| वराटनगर महानगरपालिका वडा नं. ४ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | जितन थापा | २१९२ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | तुलसी प्र. घिमिरे | २१२० ,, |
| ३. | नेकपा (एमाले) वडा सदस्य | रंजित गिरी | १९७० ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | सरिता घिमिरे नेपाल | २२२२ ,, |
| ५. | नेकपा (एमाले) दलित सदस्य | उषा देवी मेहतर | २१९७ ,, |

| वराटनगर महानगरपालिका वडा नं. ५ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | संतोष न्यौपाने | १९९४ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | रोम बहादुर भट्टराई | १६०२ ,, |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | सुर्य लाल उराउ | १४६४ ,, |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | अन्जु दहाल गौतम | १७०५ ,, |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | राधा देवी पासवान | १६२४ ,, |

| वराटनगर महानगरपालिका वडा नं. ६ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | हरीशचन्द्र सहनी | २२९५ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | पन्नालाल राजवंशी | १९०० ,, |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | वनोद काजी श्रेष्ठ | १६५७ ,, |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | निर्मला कार्की | २१०१ ,, |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | आशा देवी पासवान | २०८५ ,, |

| विराटनगर महानगरपालिका वडा नं. ७ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | मधु बाबु तिवारी | १३१२ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | कल्याण लामिछाने | १४१६ ,, |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | जितेन्द्र अग्रवाल | ११३८ ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | लिला प्रधान | १०२२ ,, |
| ५. | नेपाली कांग्रेस दलित सद स्य | गिता कुमारी विश्वकर्मा | १०६२ ,, |

| वराटनगर महानगरपालिका वडा नं. ८ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | राम पोख्रेल | १९१० विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | भुनेश्वर राजवंशी | १५१९ ,, |
| ३. | नेकपा (एमाले) वडा सदस्य | महमद अब्बास | १४०१ ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | तारा कुमारी राय | १४६१ ,, |
| ५. | नेकपा (एमाले) दलित सदस्य | पवित्रा विश्वकर्मा | १६१६ ,, |

| वराटनगर महानगरपालिका वडा नं. ९ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | विश्वनाथ प्र. भगत | १३४२ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | रियाज अहमद | १३३० ,, |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | आदित्य तुलाधर | ११७३ ,, |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | रुपा देउजा | १५३१ ,, |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | पिंकी पासवान | १३३५ ,, |

| वराटनगर महानगरपालिका वडा नं. १० | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | अर्जुन गिरी | १०२४ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | विजय दहाल | ११०२ ,, |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | देवु मण्डल | ९७४ ,, |
| ४. | नेकपा (एमाल) महिला सदस्य | सुनिता पोख्रेल | १२०६ ,, |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | भारती रुतेल | ११०० ,, |

| वराटनगर महानगरपालिका वडा नं. ११ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | तिर्थेन्द्र न्यौपाने | १३७४ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | कृष्ण प्रसाद भट्टराई | ११७० ,, |
| ३. | नेकपा (एमाले) वडा सदस्य | बलराम कार्जीत | ११४७ ,, |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | गायत्री थापा | १५१५ ,, |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | गेना देवी पासवान | १४८८ ,, |

| वराटनगर महानगरपालिका वडा नं. १२ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | जसपा, नेपाल वडा अध्यक्ष | हिरालाल कामत | १३७४ विजय |
| २. | जसपा, नेपाल वडा सदस्य | कुशेश्वर राजवंशी | १२९२ ,, |
| ३. | नेकपा (एमाले) वडा सदस्य | राजेश सरदार थारु | १३३८ ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | प्रमिला राजवंशी | १३९५ ,, |
| ५. | नेकपा (एमाले) दलित सदस्य | देवी विश्वकर्मा | १३६४ ,, |

| विराटनगर महानगरपालिका वडा नं. १३ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | राष्ट्रिय प्रजातन्त्र पार्टी वडा अध्यक्ष | सुर्यलाल यादव | ६२८ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | किमला श्रेष्ठ | ५०९ ,, |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | कैलाश पति देव | ४७५ ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | गौरी कुमारी वैश्य | ४६२ ,, |
| ५. | नेकपा (एमाले) दलित सदस्य | जानकी देवी खंग | ५१३ ,, |

| विराटनगर महानगरपालिका वडा नं. १४ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | प्रकाश साह | १२१५ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | दिना कुमार यादव | १२२४ ,, |
| ३. | नेकपा (एमाले) वडा सदस्य | बासुदेव शर्मा दुलाल | ९०४ ,, |
| ४. | नेकपा (एमाले) महिला सदस्य | सम्तली देवी विश्वास | ११५७ ,, |
| ५. | नेकपा (एमाले) दलित सदस्य | पुनम देवी राम | ११२३ ,, |

| विराटनगर महानगरपालिका वडा नं. १५ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | प्रकाश साह | १८९७ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | इमत्याज अन्सारी | १४९८ ,, |
| ३. | जसपा, नेपाल वडा सदस्य | मोहन कुमार मल्ल | १३९१ ,, |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | विनीता कुमारी रेग्मी | १६९८ ,, |
| ५. | जसपा, नेपाल दलित सदस्य | अमृता तत्मा | १६८४ ,, |

| विराटनगर महानगरपालिका वडा नं. १६ | | | |
|---|---|---|---|
| सि.न. | पार्टी | उम्मेद्वारको नाम | कुलमत |
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | उधव कुमार भुजेल | ७५२ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | कविर तामाङ्ग | ६९८ ,, |
| ३. | जसपा, नेपाल वडा सदस्य | राजेन्द्र प्रसाद कामत | ६१९ ,, |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | यज्ञ कला अधिकारी | ६९२ ,, |
| ५. | जसपा, नेपाल दलित सदस्य | राधा देवी तत्मा | ७०२ ,, |

बांकी ३ पेजमा...

## २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा कटहरी गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधी

| अध्यक्ष | उपाध्यक्ष |
|---|---|
| ने. का. देवराज चौधरी ६५६५ | नेकपा (एमाले) सिता देवी राजवंशी ५८४८ |

**कटहरी गाउँपालिका वडा नं. १**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | हरिनारायण राजवंशी | ९६० विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | संतोष कुमार राजवंशी | १००८ „ |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | गंगा राय अमात | ९०० „ |
| ४. | नेपाली काँग्रेस वडा सदस्य | महावती देवी माझी | ९४० „ |
| ५. | नेपाली काँग्रेस वडा सदस्य | सन्जा देवी पासवान | ९७० „ |

**कटहरी गाउँपालिका वडा नं. २**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | सुरेन्द्र प्र. राजवंशी | ९६६ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | अमित चौहान | ९१६ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | ब्रह्मदेव पासवान | ८९३ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | मंजु देवी राजवंशी | ९३६ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | शोभा चौधरी | ९२४ „ |

**कटहरी गाउँपालिका वडा नं. ३**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस वडा अध्यक्ष | जदुलाल कामत | ९५६ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | बल्सी दास तत्मा | ८०८ „ |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | शंकर पासवान | ७५८ „ |
| ४. | नेपाली काँग्रेस वडा सदस्य | सुलेखा देवी गनगाई | ८२० „ |
| ५. | नेपाली काँग्रेस वडा सदस्य | दुखनी कुमारी पासवान | ८२९ „ |

**कटहरी गाउँपालिका वडा नं. ४**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | जसपा नेपाली वडा अध्यक्ष | जिवनेश्वर यादव | ९८३ विजय |
| २. | जसपा नेपाली वडा अध्यक्ष | कैजुम शेख मियाँ | ८१९ „ |
| ३. | जसपा नेपाली वडा अध्यक्ष | रामचन्द्र कामत | ७४१ „ |
| ४. | जसपा नेपाली वडा अध्यक्ष | मंजु देवी साह | ८४६ „ |
| ५. | नेपाली काँग्रेस वडा सदस्य | मंजु देवी रिषिदेव | ८१९ „ |

**कटहरी गाउँपालिका वडा नं. ५**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | सम्पत लाल सरदार | ७२४ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | किसुनलाल झागड | ७४५ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | दिपेन सरदार | ६९३ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | शुशिला देवी राय | ७३९ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | गहनी कुमारी सरदार | ७२२ „ |

**कटहरी गाउँपालिका वडा नं. ६**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | विसो सरदार | ९४६ विजय |
| २. | नेकपा (एमाले) वडा सदस्य | श्याम लाल सरदार | ८८० „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | राज कुमार देव | ८०१ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | रामा देवी राजवंशी | ९६७ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | ममता देवी सरदार | ९५८ „ |

**कटहरी गाउँपालिका वडा नं. ७**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | मनोज कुमार माझी | ८७९ विजय |
| २. | नेपाली काँग्रेस वडा सदस्य | रमेश राय | ९१५ „ |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | बसन्त कुमार कार्की | ७९८ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | किरण कुमारी राय | ८४९ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | सरिता कुमारी सरदार | ८२७ „ |

## २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा जहदा गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधी

| अध्यक्ष | उपाध्यक्ष |
|---|---|
| ने. का. जितेन्द्र प्रसाद साह ६५०१ | ने. का हन्ना सोरेन ५५४५ |

**जहदा गाउँपालिका वडा नं. १**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | बाबु राम राजवंशी | ७१८ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | राजकुमार यादव | ७३८ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | साविर मियाँ | ६३९ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | आनन्दी देवी सरवरीया | ६९४ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | सरिता देवी सरवरीया | ७४३ „ |

**जहदा गाउँपालिका वडा नं. २**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | जसपा नेपाल वडा अध्यक्ष | चन्द्रशेखर कुमार साह | ७९८ विजय |
| २. | जसपा नेपाल वडा अध्यक्ष | जितन हस्दा | ७३८ „ |
| ३. | जसपा नेपाल वडा अध्यक्ष | विगेन कुमार राजवंशी | ६६१ „ |
| ४. | जसपा नेपाल वडा अध्यक्ष | गुलसन खातुन | ७३० „ |
| ५. | जसपा नेपाल दलित सदस्य | प्रमिला देवी रिषिदेव | ७५३ „ |

**जहदा गाउँपालिका वडा नं. ३**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | जसपा नेपाल वडा अध्यक्ष | अनिल ठाकुर | ११२५ विजय |
| २. | जसपा नेपाल वडा अध्यक्ष | तारणी देवी मलाह | ९६५ „ |
| ३. | नेपाली काँग्रेस वडा अध्यक्ष | नेफा लाल राजवंशी | ९५४ „ |
| ४. | जसपा नेपाल वडा अध्यक्ष | सिता देवी राजवंशी | १०१४ „ |
| ५. | जसपा नेपाल दलित सदस्य | मंजु देवी सदा | १०१८ „ |

**जहदा गाउँपालिका वडा नं. ४**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | शिवशंकर गामी | १०७५ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | उमेश कुमार मण्डल | ११४ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | शिवनारायण मुर्मु | ९९० „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | कलिया देवी मलाहनी | १०७१ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | सुरुजा देवी पासवान | १०८७ „ |

**जहदा गाउँपालिका वडा नं. ५**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | मुन्सी मुर्मु सतार | १०७५ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | प्रमोद कुमार मण्डल | ९९१ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | लक्ष्मण सिंह नुनियाँ | ९६७ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | ज्योति कुमारी मण्डल | १०२७ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | आरती देवी मुसहर | १०९० „ |

**जहदा गाउँपालिका वडा नं. ६**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (माओवादी केन्द्र )वडा अध्यक्ष | सुर्यानन्द मण्डल | ४०२ विजय |
| २. | जसपा नेपाल वडा सदस्य | सुरेन्द्र प्र. गच्छदार | ४३१ „ |
| ३. | जसपा नेपाल वडा सदस्य | राजकिशोर मण्डल | ३९७ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | प्रमिला देवी मण्डल | ३३२ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | मेनकी देवी रिषिदेव | ३३८ „ |

**जहदा गाउँपालिका वडा नं. ७**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | भगवान मरण्डी | ९६९ विजय |
| २. | नेपाली कांग्रेस वडा सदस्य | सुर्यनारायण मण्डल | ९३० „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | दयानन्द मण्डल धानुक | ९२७ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | तेतरी कुमारी राजभर | ९७७ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | रुपा देवी रिषिदेव | ९९४ „ |

## चुनौतिमा...

यत्रतत्र सर्वत्र विज्ञान प्रविधिको आधारस्तम्भ निर्माण भएकोले यसले नयाँ स्वरूपको समाज व्यवस्था निर्माण गरिनुपर्दछ। वैज्ञानिक समाजवादको आधार विज्ञान प्रविधिको प्रचुर विकास भएको वर्तमान युगमा प्रत्यक्ष प्रजातन्त्रको राजनीतिक अभ्यास सम्भव भएको छ।

विज्ञान प्रविधिको आधारमा समृद्ध अर्थतन्त्र, मानवीय आवश्यकताको परिपूर्ति, प्रत्यक्ष प्रजातन्त्र र वैज्ञानिक समाजवाद सम्भव भएकाले अहिलेको चुनौतीपूर्ण राजनीतिक व्यवस्थालाई निकास दिन सम्भव हुन सक्छ। अनलाईनबाट






# प्रदेश १ को सुनवर्षि नगरपालिकाबाट विजय प्राप्त गरेका जनप्रतिनिधीहरु

मेयर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट श्याम प्रसाद राजवंशी ८६३९

उपमेयर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट मिरा देवी दास केवरत ८३८३

**सुनवर्षि नगरपालिका वडा नं. १**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | विरबहादुर राई | १२११ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | नुर हुसैन मियाँ | १०८८ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | धनश्याम गनगाई | १०८५ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | तारा देवी सापकोटा | ११२६ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | अस्मिता दर्जी | ११३४ „ |

**सुनवर्षि नगरपालिका वडा नं. २**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | विनोद कुमार राजवंशी | १०९६ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | गोपाल बस्नेत | ९६३ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | लक्ष्मी प्रसाद गनगाई | ९२८ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | सविता बुढाथोकी | १००१ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | मंजु रिषिदेव | १००३ „ |

**सुनवर्षि नगरपालिका वडा नं. ३**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | अतन कुमार बुढाथोकी | १०९६ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | सहदेव राजवंशी | ७६० „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | हम बहादुर कटुवाल | ७०८ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | मनसरी राजवंशी | ७२६ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | डिल्ली माया सार्की | १००३ „ |

**सुनवर्षि नगरपालिका वडा नं. ४**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | छेदिया यादव | १०१८ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | तुलाराम राजवंशी | ११३२ „ |
| ३. | नेपाली कांग्रेस वडा सदस्य | सरमलाल गनगाई | १११४ „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | धन कुमारी दास | ११३९ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | कल्पना शिवा | १०६९ „ |






**सुनवर्षि नगरपालिका वडा नं. ५**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (नेकपा मा. केन्द्र) वडा अध्यक्ष | उमेश्वर प्र. ठाकुर | ७१८ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | विरेन्द्र प्र. केवरत | ५७४ „ |
| ३. | नेकपा (नेकपा मा. केन्द्र) वडा सदस्य | प्रदीप कुमार केवरत | ५१५ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | सुनिता कुमारी दास | ६१० „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | सुमित्रा देवी रिषिदेव | ५८६ „ |

**सुनवर्षि नगरपालिका वडा नं. ६**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | कमल कु. मोक्तान | १३९५ विजय |
| २.. | नेकपा (एमाले) वडा सदस्य | इलियास मियाँ | १३३४ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | सूर्यानन्द साह तेली | १३१६ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | टिका पौडेल | १४३० „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | रेखा देवी बैठा | १४४४ „ |

**सुनवर्षि नगरपालिका वडा नं. ७**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | संजय कुमार सिंह | ९१२ विजय |
| २.. | नेपाली काँग्रेस वडा सदस्य | जय नारायण ठाकुर | ७८८ „ |
| ३. | नेपाली काँग्रेस वडा सदस्य | ज्याबुल रहमान | ६८७ „ |
| ४. | नेपाली काँग्रेस महिला सदस्य | गिता कुमारी गनगाई | ७७५ „ |
| ५. | नेपाली काँग्रेस दलित सदस्य | पार्वती रिषिदेव | ८१८ „ |

**सुनवर्षि नगरपालिका वडा नं. ८**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस वडा अध्यक्ष | अनुवर मियाँ | ८६५ विजय |
| २.. | नेपाली कांग्रेस वडा सदस्य | पर्वतलाल सिंह गनगाई | ७३८ „ |
| ३. | जसपा नेपाली वडा सदस्य | कुसेश्वर गनगाई | ५६० „ |
| ४. | नेपाली कांग्रेस महिला सदस्य | सुफिया नाज | ७९९ „ |
| ५. | नेपाली कांग्रेस दलित सदस्य | अमारी देवी रिषिदेव | ७५३ „ |

**सुनवर्षि नगरपालिका वडा नं. ९**

| सि.न. | पार्टी | उम्मेदवारको नाम | कुलमत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) वडा अध्यक्ष | ध्रुव कुमार सिंह गनगाई | १५१९ विजय |
| २.. | नेकपा (एमाले)वडा सदस्य | जगदीश सहनी | ११५८ „ |
| ३. | नेकपा (एमाले) वडा सदस्य | जीतलाल साह | १०४३ „ |
| ४. | नेकपा (एमाले) महिला सदस्य | माला कुमारी पंडित | ११९२ „ |
| ५. | नेकपा (एमाले) दलित सदस्य | एकावीर देवी पासवान | ११७८ „ |

## यी हुन् बच्चाका लागि क्याल्सियम युक्त खाद्यपदार्थ

बालबालिकाको विकास निकै तीव्र गतिमा हुन्छ। त्यसैले वयस्कको तुलनामा उनीहरुको शरीरको आवश्यकता पनि धेरै नै हुन्छ। उनीहरुले बढी पोषक तत्व सेवन गर्नु आवश्यक हुन्छ। उचाई, तौल र उमेरको हिसाबले सन्तुलित आहारा सेवन गर्नुपर्छ। यस्तोमा बच्चाको विकासका लागि क्याल्सियमको सेवन निकै आवश्यक हुन्छ। क्याल्सियमले बच्चाको हड्डीलाई स्वस्थ र मजबूत राख्नुका साथै दाँतको मजबुतीमा पनि ठूलो भूमिका निर्वाह गर्छ ।




थाहा पाऔं बच्चाका लागि आवश्यक क्याल्सियमले भरपुर खानाहरुका बारेमा :

१. दुग्धजन्य पदार्थ

दुग्धजन्य पदार्थ क्याल्सियमले भरपुर हुन्छ र बच्चाको हड्डीको विकासलाई बढावा दिन्छ। यसका दुई या तीन पदार्थको उपभोगले सजिलै उनीहरुका लागि क्याल्सियमको आवश्यकता परिपूर्ति गर्छ। जस्तो एक कप दुध, दिनमा एक पटक पनीर र एक कप दही ।

२. सुन्तलाको जुस

सुन्तलाको रस क्याल्सियम बाट भरपुर हुन्छ। उमेरको आधारमा बच्चा र किशोरलाई प्रतिदिन ५ सय देखि १३ सय मिलिग्राम क्याल्सियम आवश्यक हुन्छ। यस्तोमा उनीहरुलाई ब्रेकफास्ट या साँझको खानाका क्रममा सुन्तलाको रस दिन सकिन्छ। यो भिटामिन सीले भरपुर हुन्छ, जसले क्याल्सियम को अवशोषणमा मद्धत गर्छ र हड्डी र दाँत मजबूत बनाउँछ ।

३. तोफू

तोफूमा क्याल्सियम र म्याग्नेसियमको मात्रा राम्रो हुन्छ। बच्चाले यसलाई विभिन्न प्रकारले खान सक्छन्। सलाद या स्याण्डविचमा राखेर खुवाउन सकिन्छ। यसका अलावा तोफूलाई हल्का उमालेर त्यसमा मसाला छर्केर पनि खुवाउन सकिन्छ । यसमा प्रोटिनको मात्रा पनि राम्रो हुन्छ, जसले बच्चाको उचाई बढाउन मद्धत गर्छ ।

४. माछा

माछामा पनि क्याल्सियम हुन्छ। यद्यपि कुन प्रकारको माछा खुवाइएको छ भन्ने कुरामा भरपर्छ। साथै माछामा ओमेगा ३ फ्याटी एसिड पनि पाइन्छ, जसले बच्चाको दिमागलाई तेज बनाउँछ ।

५. सखरखण्ड

एउटा सखरखण्डमा ५५ मिलिग्राम क्याल्सियम हुन्छ। यसका साथै यो अन्य पोषकतत्वले भरपुर हुन्छ। यसमा भएको फाइबरले बच्चाको पेटलाई स्वस्थ राख्छ र मेटाबोलिजम बढाउन पनि सहयोग गर्छ ।

यसका अलावा बच्चालाई क्याल्सियमयुक्त खाद्यपदार्थहरु बदाम, ओखर, दाल पनि खुवाउन सकिन्छ, जो इनर्जी तथा इम्युनिटी बुस्टर पनि हुन् ।


